## बुढीनन्दा  नगरपालिकाको दोस्रो नगरसभा तथा दशौं अधिवेशनमा समुपस्थित
## नगरपालिकाका उप-प्रमुख ज्यू,
## उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,

बुढीनन्दा नगरपालिकाको गरिमामय दोस्रो नगरसभा तथा दशौं अधिवेशनमा सभाध्यक्षको हैसियतले बुढीनन्दा सरकारको आर्थिक बर्ष ०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम तेश्रो पटक प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । मुलुकमा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा देशको राष्ट्रियता,सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र आम सरोकारका बिषयहरु उठान गर्ने क्रममा आफ्नो जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ श्रद्धासुमन प्रकट गर्दछु ।
नगरको समग्र विकासका लागि सबै पक्षहरुको राय, सुझाव तथा सल्लाह अनुसार जनताका आधारभूत माग सम्बोधन गर्न स्थानीय सरकारवाट जनतालाई सरकार भएको आभाष दिलाउन भूगोल, इतिहास, आस्था र सबैखाले संस्कृतिसहितको समुदायहरुलाई न्याय र समानता सहितको न्यायोचित व्यवहार हुने छ भन्ने विश्वास दिलाउन चाहन्छु । देशका विद्यमान कानुनहरु,स्थानीय सरकार सञ्चालन ऐन,अन्तरसरकारी बित्त व्यवस्थापन सम्बन्धमा बनेका ऐन, लगायत स्थानीय सरकारका सरोकारका विषयगत ऐन, नियमावली र मापदण्डहरु र नगरवासीहरुसँग प्रत्यक्ष जोडिएका सरोकारका विषयहरुलाई केन्द्रबिन्दुमा राखी आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।
नगरवासीहरुले विकासको अनुभूति गर्ने गरी स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सबैको सहज पहुँच, सुशासनमुखी, जनउत्तरदायी र पारदर्शीताको विषयहरुलाई सहकारी र निजीक्षेत्रसंगको सहकार्यमा सञ्चालनहुने गरीने कार्यक्रमहरुको नीति अनुरुप सफल कार्यान्वयन गर्न सबै क्षेत्रसंग सहअस्तित्वको अवधारणा अनुरुप कामलाई अगाडि बढाइने छ ।यस सम्मानित सभामा विभिन्न क्षेत्रगत रुपमा अवलम्बन गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

### १. शिक्षा सम्वन्धी नीतिः

१. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको प्रकाशन गरी लागू गरिने छ ।
२. शिक्षामा  गुणस्तरीयता तथा व्यावसायिकता अभिबृद्धि गर्नका लागि दिर्घकालीन, मध्यकालीन र अल्पकालीन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
३. कक्षा ११ र १२ मा दिईने निःशुल्क शैक्षिक कार्यक्रमलाई निरन्तरता दिएको छु ।
४. कक्षा १ देखि कक्षा ३ सम्म एकिकृत मूल्याङ्कन फारम मार्फत मुल्याङ्कन गरिने छ।

५. नगरपालिका भित्रका विद्यालयहरुलाई सक्षमताको विभिन्न आयामको आधारमा मापदण्ड बनाइ स्तरीकरण तथा समायोजन कार्य गरी आवश्यकता र औचित्यका आधारमा शिक्षकहरुको व्यवस्थापन तथा दरबन्दी मिलान गरिने छ।

६. नगरपालिकाभित्र को परीक्षा प्रणाली लाई स्तरीयता कायम गरी एकरुपता ल्याउन कक्षा ५ र ८ मा नगर स्तरीय परीक्षा सञ्चालन गर्ने तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई निरन्तरता दिईने छ।

७. सरकारी कोषबाट तलब भत्ता तथा सेवा सुविधा लिने जनप्रतिनिधि एवम् कर्मचारीहरुका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने बाध्यकारी व्यवस्था गरिने छ।

८. जनप्रकाश मावि कोल्टीमा सव इन्जिनियरिङ शिक्षा र बाँधु मा.वि.मा कृषि प्राविधिक शिक्षा व्यवस्थित गरी पठनपाठन कार्यलाई सञ्चालन गर्न आवश्यक पहल गरिनुका साथै जन प्रकाश मावि, कोल्टीको भारतीय राजदूतावासको सहयोगमा निर्माणाधीन अलपत्र भवनहरुको निर्माण कार्य तत्काल संचालन गराइने छ।

९. उत्कृष्ट सामुदायिक विद्यालय, उत्कृष्ट प्रध्यानाध्यापक, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई प्रत्येक शैक्षिकसत्रको अन्त्यमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ ।

१०. प्रत्येक विद्यालयमा टेलिअनुगमन गरी पालिकामा शिक्षक हाजिरी रुजु गर्ने तथा समसामयिक शैक्षिक सवालमा गरिने छलफललाई निरन्तरता दिईने छ।

११. नगरपालिका स्तरमा विद्यार्थीहरुको सृजनात्मक कलाको अभिवृद्धि गर्न नगरस्तरमा नृत्य, गीत र संगीत र खेलकूद सम्वन्धी कक्षाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनुका साथै उत्कृष्ट विद्यार्थीहरुलाई राष्ट्रिय तथा क्षेत्रीय प्रतियोगितामा सहभागी गर्न आवश्यक सहयोग प्रदान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१२. प्रत्येक विद्यार्थी र समुदायलाई शारीरिक मानसिक रुपमा स्वस्थ राख्न प्रत्येक विद्यालयमा योगशिविर सञ्चालन गरिने छ।

१३. उच्च शिक्षा अध्ययनको लागि विद्यार्थीहरुलाई क्याम्पस र क्याम्पस अन्तरगत विभिन्न संकायहरुको जानकारी, सहजीकरण र परामर्शका लागि सूचना केन्द्रको स्थापना गरिने छ।

१४. प्रत्येक शैक्षिक सत्रमा प्राविधिक उच्च शिक्षा (ईन्जिनियरिङ, कृषि, मेडिकल, वन आदि) मा अध्ययनको लागि सामुदायिक विद्यालय अध्ययन गरेका महिला हलिया, खलिया भोटेजनजाति, मुस्लिम, द्धन्द पीडित र अन्य विपन्न परिवारका उत्कृष्ट विद्यार्थीहरुमध्येवाट वार्षिक रुपमा कम्तीमा २० जना विद्यार्थीहरुलाई नगर प्रमुख छात्रवृत्ति प्रदान गरी कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१५. अनाथ तथा अति विपन्न परिवारका वालवालिकाहरुको शिक्षा पहुँचलाई मध्यनजर गर्दै नगरपालिकाले आवासीय विद्यालय घोषण गरेको सिद्धेश्वरी आधारभूत विद्यालयको लागि १६ कोठे भवन निर्माण गरिनेछ ।

१६. जनप्रकाश माद्यामिक विद्यालयको निर्माणाधिन आवासिय छात्रबास छिटो सम्पन्न गरी र सत्य माद्यामिक विद्यालयमा टाढावाट पढ्न आउने विद्यार्थीहरुलाई मध्यनजर गर्दै आवासीय छात्रवासको लागि पहल गरिने छ ।

१७. सामुदायिक विद्यालयको विद्यालय प्रशासन र शैक्षिक गुणस्तर कायम गर्न प्रधानाध्यापक र नगरपालिकाविच १ वर्षको कार्यसम्पादन करार गर्ने र प्रधानाध्यापकले आ-आफ्नो विद्यालयका प्रत्येक शिक्षकहरुसँग कार्यसम्पादन करार गर्ने नीतिगत व्यवस्था गरिने छ ।

१८. नगरपालिका, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति बिच वर्षमा कम्तिमा ३ पटक अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. आवश्यकताको आधारमा विद्यालयहरुमा भवन, घेरवार, शौचालय, खानेपानी, विज्ञान प्रयोगशालाला, आई.सि.टी. प्रयोगशाला, फर्निचर आदि भौतिक पूर्वाधार एबम् शैक्षिक सामाग्री व्यवस्थापनका लागि पहल गरिने छ ।

२०. आवश्यकता र कार्यक्षमताको आधारमा प्रधानाध्यापकको हेरफेर गरी विद्यालयहरुको प्रभावकारी नियमन गरिने छ ।

२१. बुढीनन्दा क्याम्पसको गुणस्तर सुधार गर्न आवश्यक पहल र कार्य गरिने छ ।

२२. विद्यालयमा हप्तामा १ दिन "**किताबरहित शुक्रबार जीवनोपयोगि शैक्षिक कार्यक्रम**" लाई परिक्षणको रुपमा सञ्चालन गरिने छ।

२३. माध्यामिक शिक्षा पश्चात उच्च शिक्षा, उद्यमशिलता, लोकसेवा आयोग र शिक्षक सेवा आयोग प्रति आकर्षित गर्न र सफलता प्राप्त गर्न आवश्यक कक्षाहरु संचालन गर्न पहल गरिने छ ।

२४. नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम लाई निरन्तरता दिईने छ।

२५. माध्यामिक विद्यालयहरुमा सिनियर तथा जुनियर रेडक्रस सोसाइटी को गठन गरिनुका साथै **Boys and Girls Scout Troop** तालिम सञ्चालन गरिने छ ।

२६. सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यक कार्यक्रम तय गरिने छ।

२७. एक वडा एक नमूना विद्यालय निर्माण गर्नका लागि आवश्यक पहल गरिने छ ।

२८. उपचारात्मक कक्षा सञ्चालन तथा अभिभावक शिक्षालाई निरन्तरता दिईने छ।

२९. यस नगरपालिकामा रहेका ५ वटै माध्यामिक तहका सामुदायिक विद्यालयमा पछिल्लो समयमा विद्यार्थीको सहभागीतामा नकरात्मक गतिविधी,किशोर किशोरी हरुमा आउने विचलन,बाल विबाह,आत्महत्या,चिन्ताजन्य जोखिमहरु न्युनिकरण गर्न "**विद्यालय मनोविमर्श सेवामा नगर सरकार**" भन्ने भनाइ लाइ आत्मसाथ गर्दै विद्यार्थी तथा शिक्षक लाइ मनोविर्मश सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

३०. पालिका भित्रका बाल विकाश केन्द्र (ECD) कक्षामा अंक र अक्षर चिन्न सक्ने गरी स्थानिय पाठ्यक्रमको तयार गरी कार्यन्वयनमा ल्याईनेछ ।

३१. पालिका भित्रका विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापक र शिक्षक अभिभावक संघ लाइ पालिका भित्रका अन्तर विद्यालय अनुभव आदान प्रदान भ्रमण गर्ने व्यस्था मिलाइने छ ।

## २. स्वास्थ्य सम्वन्धी नीतिः

१. आधारभूत स्वास्थ्य तथा सरसफाइसंग सम्बन्धित प्रतिकारात्मक,प्रवर्द्धनात्मक,उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवा सहित सरसफाइलाई नगरको प्राथमिकतामा राखी सफल कार्यान्वयनका लागि स्वास्थ्य ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण तथा समयानुकूल परिमार्जन गरी लागु गरिने छ ।

२. स्वस्थ व्यक्ति,स्वस्थ घर,स्वस्थ गाँउ तथा स्वस्थ नगर कायम गर्न समुदाय र टोलस्तरमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु संचालन गरिने छ ।

३. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सवै नगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनलाई नियमित गरिने र सो को प्रभावकारी मूल्याङ्कन गरी सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

४. **"स्वास्थ्य बिमा नगरको जिम्मा"** अन्तर्गत कोल्टी आधारभूत अस्पतालमा २०८१ श्रावण बाट स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिने छ ।

५. नगरपालिका भित्रका सपूर्ण जनप्रतिनिधी तथा कर्मचारीहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा अनिवार्य गर्न प्रोत्साहन गर्दै स्वास्थ्य विमा नगरेका नगरबसी नगरिकलाइ स्वास्थ्य विमाको पहुचँमा ल्याउन दर्ता शिविरहरु संचालन गरिने छ ।

६. बिद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै बिध्यालयमा लागुऔषध दुर्व्यसन सचेतना, स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्यन गर्ने व्यवस्था मिलाईनेछ ।

७. अशक्त,असहाय र ज्येष्ठ नागरिकलाई घरदैलोमै नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

८. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको एम्बुलेन्स र हवाइ मार्ग मार्फत उद्धार गरी प्रसुती कार्यलाई थप सुरिक्षत,व्यवस्थित र प्रभावकारी बनाइनेछ।

९. जनजातिको बाहुल्यता रहेको वडा नं ९ र मुसलमानको वस्ति रहेको वडा नं ६ मा संस्थागत सुत्केरी बृद्दि गर्न प्रसुती केन्द्र संचालन गरी आगामी २ बर्ष भित्र संस्थागत सुत्केरी दर ९० प्रतिशत पुर्याईनेछ ।

१०. आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि नि:शुल्क उपलब्ध गराउन आवश्यक ९८ प्रकारका औषधीहरु नियमित उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

११. कोल्टी आधारभुत अस्पतालबाट अति विपन्न,ज्येष्ठ नागरिक,असहाय र फरक क्षमता भएका नागरिकहरुलाई अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवामा छुट र सहुलियत प्रदान गर्ने व्यवस्था मिलाईनेछ

१२. **"पोषणमैत्री शासन युक्त नगर तथा क्षयरोग मुक्त नगर घोषणा अभियानको"** सुरुवात गरिनेछ ।

१३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्तरमा गर्भवति महिलाको तथ्याङ्क संकलन तथा गर्भजाँचको अवस्था रुजू गर्न मेडिक मोबाइल कार्यक्रम संचालनमा ल्याइनेछ ।

१४. ग्रामिण भेगका बिरामीहरुलाई चिकित्सकसंग प्रत्यक्ष चिकित्सकिय सेवा प्रवाह गर्न हाल पाण्डुसैन स्वास्थ्य चौकीमा संचालनमा रहेको स्मार्ट हेल्थ ग्लोवल कार्यक्रम अन्तर्गतको टेलिकन्सल्टेसन कार्यक्रमलाई निरन्तरता गर्दै क्रमश: अन्य स्वास्थ्य संस्थामा विस्तार गर्न पहल गरिनेछ ।

१५. पाण्डुसैन स्वास्थ्य चौकीबाट गर्भवती महिलाहरुको लागि नियमित भिडियो एक्सरे सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१६. वडा स्तरमा गर्भवती तथा सुत्केरी महिलाहरुलाई सुत्केरी हुनु पुर्व र पछी गरी १ महिना सम्म स्याहार सुसार,न्यानो कपडा तेल मालिस,खाना,आवास सुविधा सहितको **"एक वडा एक सुत्केरी स्याहार केन्द्र"** स्थापना गरी संचालनमा ल्याइने छ ।

१७. कोल्टी आधारभुत अस्पतालबाट प्रदान गरिने आँखा,दाँत,अन्तरङ्ग सेवा,आकस्मिक प्रसुती,फार्मेशी, डिजिटल एक्सरे,स्वास्थ्य वीमा लगायत नियमित प्रदान गरिदै आएका नि:शुल्क आधारभुत स्वास्थ्य सेवालाई व्यवस्थित गर्न ईलेक्ट्रोनिक हेल्थ रजिष्ट्रि प्रणालीको बिकास गर्दै सम्पुर्ण सेवाहरुलाई डिजिटलाइज गर्दै लिईनेछ।

१८. Health Profile निर्माण गरिनुका साथै **BASIC LIFE SUPPORT** सम्बन्धी विध्यालयस्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१९. आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बिमासँग आवद्ध गर्दै सुदृढ गरिदै लगिनेछ।

२०. घरायसी तथा समुदायजन्य फोहरमैला व्यवस्थापन तथा वातावरणीय सरसफाइलाई प्रवर्धन गर्न समन्वय तथा पैरवी गरिनेछ।

२१. महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि **आर आर टि** लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।

२२. मासिक अनलाइन तथ्याङ्क प्रविष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई उपलब्ध गराइने छ ।

२३. स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।

२४. स्वास्थ्य सेवाहरु,समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि एफएम,रेडियो पत्रपत्रिकाहरुमा सन्देश प्रवाह गरिनेछ ।

२५. किशोर किशोरीहरु संग स्वास्थ्यकर्मी हरुको अन्तरक्रिया नियमित गरिनेछ र सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ ।

२६. कोल्टी अस्पतालमा हुने विरामीको भिडभाडलाइ मध्येनजर गर्दै परम्परागत सोच राख्दै समयमै स्वास्थ्य चेक नगराउने परीपाटीको अन्त्य गर्न विरामी भएर हैरानी भएका जीवन देखी हरेश खाएर बढी चिन्तामा परेका नागरिक लाई मोनोविर्मश सेवा प्रदान गर्नुका साथै व्यवस्थित गुणस्तरिय शान्त वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्न अस्पतालमा **(Mental Health Service)** मनोसामाजिक मनोविर्मशकर्ताको सहायता द्रारा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२७. वडा स्तरमा गर्भवती तथा सुत्केरी महिलाहरुलाई सुत्केरी हुनु पुर्व र पछी गरी १ महिना सम्म स्याहार सुसार,न्यानो कपडा तेल मालिस सहितको खाना,आवास सहितको १० वटै वडामा **“एक वडा एक सुत्केरी स्याहार केन्द्र”** स्थापना गरी सेवा प्रदान गर्न पहल गरिनेछ ।

२८. बुढीनन्दा नगरपालिकामा सामान्य स्वास्थ्य बारेमा जानकारी दिनका लागी नगरपालिकाको केन्द्र रहेको वडा नं २ कोल्टीबाट सुर हुनेगरी **“घर घरमा चिकित्सक नागरिक स्वास्थ्यमा सजक”** भनाई लाइ आत्मसाथ गर्दै नगरपालिका भरी व्यापक रुपमा अभियान संचालन गरिने ।

## ३. कृषि तथा पशुसेवा सम्वन्धी नीतिः

१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरु तथा वेरोजगार युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्न कृषिलाई व्यवसायिक, आयमूलक, आधुनिक र मर्यादित तथा उत्पादनशील पेशाका रुपमा विकास गरिने छ ।

२. वास्तविक **“घर तपाइको प्लाष्टिक र बिउ हाम्रो कार्यक्रम”**कृषकहरुलाई सरल एवं सहज ढंगले तरकारी बिउ, फलफूल विरुवा खरिद, बगैंचा घेरवार, सिंचाई, र नविनतम प्रविधि हस्तान्तरणमा अनुदान उपलव्ध गराउन पहल गरिने छ।

३. जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न पशुपंक्षी तथा वाली विमा र जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरि साझेदारी र सहकार्यमा लगानी सुरक्षण गरिने छ ।

४. लाई अभियानको रुपमा अगाडि बढाईनेछ ।

५. गाई, भैंसी, भेडा बाख्रा, बंगुर, माछा तथा कुखुरापालन अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरि दुध, मासु र अण्डामा आत्म निर्भर बनाउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६. **"कृषकसँग नगर प्रमुख"**कार्यक्रमलाई निरन्तरता दिईने गरछ ।

७. किसानलाई पशु बिमातर्फ प्रोत्साहित गर्दै पशुपंन्छी महामारी रोग विरुद्ध खोप तथा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

८. सम्भावना भएका वडाहरुमा कृषि तथा पशुजन्य पकेट/ब्लक क्षेत्र स्थापना गर्न पहल गरिने छ ।

९. तेलन वाली तथा ढटेलो संरक्षण गरि उत्पादन वढाई तेल उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरिने छ

१०. खेताला तथा नोराला लाइ प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक मापदण्ड तयार गरी अगाडी बढाइनेछ ।

११. कृषि उपज संकलन तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालन गरिने छ ।

१२. **"नगर सरकारको साझेदारीः बाझो रहन्न खेतबारी"** अभियान सञ्चालन गरिने छ।

१३. रैथाने वाली संरक्षण, प्रबर्धन र बजारीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१४. विभिन्न जंगली फलफूल ( मलयो , चुत्रो ,काफल , भक्तुणो ,घगारू , मेल ,पुडिनु/पुणिनु , गुल्फा ) तथा जंगली तरकारी/साग , जिम्बु /फरन , पदमचारो ,सत्व आदिलाई ड्राई फ्रयुट बनाई बजारमा बिक्री वितरण गर्नका लागि प्रारम्भिक अध्ययन गर्ने ।

१५. कृषिलाई कार्यस्थलमा प्रविधिक सहयोग उपलब्ध गराउन घुम्ती कृषि सहयोग कार्यक्रम सञ्चालन गरिने छ।

## ४. पूर्वाधार विकास सम्वन्धी नीतिः

१. लघु जलविद्युतहरुलाई निरन्तर रुपमा वत्ती वल्ने गरि प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

२. नगरपालिका भित्रको सञ्चार सेवालाई प्रभावकारी वनाउन लागि आवश्यक पहल गरिने छ ।

३. नेपाल टेलिकमको निर्माणाधीन वडा नं. ८ मा रहेको हर्साली टावर निर्माण कार्य छिटो सम्पन्न गर्न पहल गरिने छ ।

४. चाफारुख लमालवाडा र कालगोठी टाँका सरोकार वाला निकाय संग समन्वय गरी झुलोङ्गे पुल निर्माणको लागि पहल गरिने छ ।

५. नगरपालिका भित्रका अधुरा सडक निर्माण कार्य यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी कार्य सञ्चालन गरिने छ।

६. नगरपालिका भित्रका सवै वडा तथा उत्पादन क्षेत्रलाई जोडिने गरि रिङरोड निर्माणको लागि सम्भाव्यता अध्ययन तथा निर्माण लागि पहल गरिने छ ।

७. **"यातायात पूर्वाधार आर्थिक विकासको आधार "** भन्ने भनाईलाई आत्मसात गर्दै नगरपालिकामा रहेका सम्पूर्ण स्थानीय सडकहरुको स्तरउन्नति गरिने छ ।

८. बुढीनन्दा नगरपालिका विभिन्न खोलावाट गैर कानूनि रुपमा संकलन/निकासी हुने ढुङ्गा,गिट्टी र वालुवालाई कानूनि रुपमा आवश्यक नीति बनाई करको दायरामा ल्याइने छ।

९. नगरपालिकाभित्र बन्ने नयाँ संरचना (भवन,घर) निर्माण गर्नुपुर्व नक्सा पास गरेर मात्र संरचना बनाउने नीतिलाई आवश्यक प्रक्रियाका आधारमा लागु गरिने छ ।

१०. कोल्टी शिवपार्क क्षेत्रमा बहुउद्देश्यिय भवन निर्माण गरिने छ ।

११. बुढीनन्दा नगरपालिमा हाल संचालनमा रहेका ९ वटै हाईड्रो पावरलाई स्तरोन्नती तथा पुर्ननिर्माण गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१२. बुढीनन्दाको सिंचाइ समस्यालाइ समाधान गर्न कालागाढ सिंचाइ अयोजनाको सम्भाव्यता अध्यायन गरी अगाडी बढाइने छ ।

## ५. उद्योग,वन पर्यटन तथा युवा रोजगारीः

१. घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गर्न नगरपालिकामा एक औद्योगिक क्षेत्र स्थापना गरिनेछ ।

२. यस नगरमा संचालित उद्योग र सबै किसिमका व्यवसायलाई नियमन र करको दायरामा ल्याई व्यवस्थित गरिने छ।

३. घरेलु तथा साना उद्योग सञ्चालन गर्न चाहने आन्तरिक तथा वाह्य लगानी कर्तालाई दर्ता शुल्क र नगरपालिकाले लिने सवै प्रकारका शुल्कहरुमा १ वर्षसम्म कर छुट गरिने छ ।

४. यस नगरपालिकामा पाईने स्थानीय कच्चा पदार्थलाई उपयोग गर्न ऊन, अल्लो भाँग्रो,कागज प्रशोधन तथा विभिन्न सामाग्री उत्पादन गर्न उद्योग स्थापनाको लागि कार्यक्रम सञ्चालन गरिने छ ।

५. पोरखेबाट कालाजग्रा मन्दिर सम्म पर्यटकीय पदमार्ग निर्माण गरिने र नुरीकाँद छाप्रे बुढीनन्दा पदमार्ग निर्माणको पहल गरिने छ।

६. **“एक वडा एक युवा व्यवसाय”** कार्यक्रम सञ्चालन गर्न रोजगारमूलक तालिम, र अनुदानको व्यवस्था गरिने छ ।

७. **“आफ्नो सिप आफ्नो गाउँ, यसैक्षेत्रको विकासको लागि पसिना बगाऔं”** भनाईलाई आत्मसात गर्दै युवाहरुलाई स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

८. **“बुढीनन्दा जाऔं,प्रकृति र सँस्कृतिसँग रमाऔं”** नामक कार्यक्रम सञ्चालन गरिने छ ।

९. जडीबुटीको प्रचुर सम्भावना रहेको क्षेत्रवाट संकलित हुने जडीबुटीहरुलाई प्रशोधन गर्न **जडीबुटी प्रशोधन केन्द्र स्थापना** गर्न आवश्यक पहल गरिने छ ।

## ६.सहकारी सम्वन्धी नीतिः

१. सहकारी संस्थाको माध्यमबाट दिवा खाजा तथा विद्यालयस्तरमा सहकारी संस्थालाई परिचालन गरिने छ।

२. ऋण असुली हुन नसकी टाट पल्टेका, अन्य विविध कारण सञ्चालनमा नरहेका वा निष्कृय रहेका सहकारी संस्थाको पुनर्जीवन,पुनर्गठन र नियमन गर्न सहकारी सँस्था सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

३. सञ्चालनमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास तथा प्रभावकारी सञ्चालनको लागि नियमित ,अनुगमन, नियमन तालिम र **कोपोमिस** मा अनिवार्य आबद्धता गर्न प्रेरित गरिने छ ।

४. नगरपालिकावाट सञ्चालन गरिने विभिन्न कृर्षि, पशुपालन तथा अन्य सामाजिक कार्यहरु सहकारी मार्फत सञ्चालन गर्न सहकार्य गरिने छ ।

## ७. वन तथा वातावरण संरक्षण नीतिः

१. जलवायु परिवर्तनवाट आउन सकिने सम्भावित चुनौतिहरुको सामना गर्न नागरिको जीवन शैली ,उत्पादन ,उपभोगका विषयहरुमा जलवायु अनूकुलन कार्यक्रम सञ्चालन गरि नागरिको ज्ञान सिप र क्षमता अभिवृद्धि गरिने छ ।

२. प्राकृतिक रुपमा रहेको जैतुनहरु लाई संरक्षित गरी बुढीनन्दा नगरपालिका वडा नं १,२ र ६ लाई जैतुन जोन घोषणा गरिने छ ।

३. डिभिजन वन कार्यालय , इलाका वन कार्यालय संग समन्वय गरि नर्सरीको स्थापना ,विरुवाहरु को उत्पादन कार्य सञ्चालन गर्न पहल गरिने छ ।

४. नगरपालिका भित्रका प्रतिबाँजो, खाली जमिन , खोला किनार सडक तथा वाटोको छेउछाउमा बृक्षारोपण गरी वन विस्तार गर्दै हरियाली बुढीनन्दा बनाउन एक घर योगदान नआवस प्रकृतीमा व्यवधान भन्ने अभियानलाइ एक घरको ५ विरुवा कार्यक्रम अगाडी बढाउन पहल गरिनेछ ।

५. बहूमुल्य जडीबुटी संरक्षण, चोरी निकासी नियन्त्रण कार्यलाई अझ प्रभावकारी रुपमा सञ्चालनको नीति लिइने छ ।

६. **"सामुदायिक वन, नगरको धन"** अभियान संगै प्रचुरमात्रा सम्भावना रहेका जडीबुटी खेती लाइ प्रोत्साहन गरिने छ।

## ८.खानेपानी तथा सरसफाई नीतिः

१. आधारभूत खानेपानी तथा सरसफाईको समस्या समाधानका लागि **"एक घर एक धारा"** सहयोगी निकायहरुसंग साझेदारी गरि कार्यान्वयन गरिने छ ।

२. खानेपानीका मुहान संरक्षण गर्न सबै उपभोक्ता समितिलाई परिचालन गरिने छ।

३. **“भान्सा सुधारः आरोग्यताको आधार”** अभियान सञ्चाल गरिने छ।
४. बुढीनन्दा नगरपालिकाको केन्द्र रहेको कोल्टी बजारको अव्यवस्थीत खानेपानी लाई व्यवस्थीत बनाइ खानेपानीको सहज उपलब्धता गरिने छ ।

## ९. सामाजिक तथा सास्कृतिक विकास नीतिः

१. स्थानीय भाषा, कला ,सभ्यता, रीतिरिवाज, चाडपर्व (भुवो, कोल्टीको दशैं, तिहार, चैते दशैं,पाण्डुसैनको विशुसंक्रान्ती), देउडा,मागल, हुड्के आदिको संरक्षण, प्रवर्द्धन गरिने छ।
२. लागूऔषध तथा दुर्व्यसनी न्यूनीकरणका लागि सबै सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।
३. विपद जोखिम क्षेत्रका बस्तिहरुलाई पुनःस्थापना तथा बस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिने छ ।
४. गरिव तथा विपन्न समुदायका नागरिकका अतिरिक्त यस नगरपालिकामा बसोवास गरिरहनु भएका हलिया खलिया लक्षित आयआर्जन तथा सीपमूलक तालिम सञ्चालन गरिने छ ।
५. पुराना धार्मिक महत्व बोकेका शिलालेख, अभिलेख, पाटी पौवा , कुवा , काँध/खाँध /भञ्ज्याङ हरूको संरक्षण गर्न पहल गरिने छ।
६. आधारभूत खाद्य तथा पोषण सुधारका लागि सहयोगी निकायहरुको साझेदारीमा कार्यक्रम संचालन तथा योजना निर्माण गरिने छ ।
७. **“मेरो एक दिन बुढीनन्दाको समृद्धिका लागी”** कार्यक्रम संचालन गरी नियमित गर्न पहल गरिनेछ ।
८. प्रत्येक वडामा जेष्ठ नागरिक विश्राम केन्द्र निर्माण गरी संचालनमा ल्याउन पहल गरिने छ ।
९. नगरपालिकामा रहेका हलिया खलियाको लागत संकलन गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिने छ ।

## १०. संस्थागत सुशासन तथा पारदर्शीता नीतिः

१. सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्न कार्यालयमा नियमितता, कर्तव्यनिष्ठता र कार्य जिम्मेवारीको मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गरिने नीति लिईने छ ।
२. राजस्वको दायरा बढाउन राजस्वको स्रोत पहिचान तथा आन्तरीक राजश्व प्रणालीलाई व्यवस्थित बनेको राजश्व तथा गैर राजश्व ऐन २०८० अनुरुप राजश्वको आवश्यक निति अवलम्बन गरिने छ ।
३. राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ।

४. संघ, प्रदेश तथा अन्तरपालिकाहरु संघै सहयोगी निककायहरुसंगको सहकार्यमा सञ्चालन हुने सबै खाले अभियान,विभिन्न शिविरहरु लगायत कार्यहरुमा समन्वय सहकार्य गरी सामाजिक सेवा प्रदान गरिने छ ।

५. विकासका सबै खाले योजनाहरुको अनुगमन मूल्यांकन गर्ने परिपाटीलाई चुस्त दुरुस्त गर्न र गुणस्तरीय कामको सुनिश्चितताका लागि आवश्यक योजना बनाई कार्य थालनी गरीनुका साथै ३० लाख भन्दा माथिका आयोजना/योजनाहरु ईविडीङ्ग बाट लिईने कार्यक्रमलाई निरन्तता दिईने छ ।

६. न्यायिक निकायहरुसंगको समन्वय र सम्बन्ध विस्तार गरि स्थानीय न्यायिक समितिलाई थप मजबुत बनाउन न्यायिक क्षमता विकास र संस्थागत सुदृढीकरणका कार्यहरुलाई जोड दिईने छ ।

७. खादालाई निरुत्साहित गर्दै फुलको माला र गुच्चालाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८. गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गर्नका लागि गैरसरकारी संस्था समन्वय संयन्त्र बनाई एकद्धार प्राणाली बाट कार्य संचालन गर्न प्रोत्साहन गरिनेछ ।

९. **"मेरो एक दिन,नगरका लागि श्रमदान"** अभियानलाई निरन्तरता दिईने छ ।

१०. नगरपालिकाभित्रको अतिक्रमित सरकारी, सार्वजनिक जग्गा, बाटोलाई व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

११. भ्रष्टाचार बिरुद्ध शून्य सहनशिलताको नीति अबलम्बन गरिने छ।

१२. आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न प्रथम चौमासिकभित्र सम्झौता गरी चैत्र मसान्तभित्र भुक्तानी गर्ने प्रणालीलाई कार्यान्वयन गरिने छ ।

१३. सेवा प्रासि प्रकृयाका सम्बन्धमा सेवाग्राहीहरुले भोग्दै आएका झन्झट तथा समस्याहरुको गुनासो सुन्ने संयन्त्रको विकास गरी पालिकादेखि वडा कार्यालयसम्म नागरिक वडापत्रको व्यवहारिक कार्यान्वयन गरिने छ ।

१४. नगरभित्र कार्यान्वयन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाइ तथा समीक्षा गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

१५. आधारभूत सेवाहरु टोलस्तरबाट प्रवाह गर्नका लागि घुम्ति सेवा सञ्चालन गरिने छ।

१६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कनको FRA बारेमा जनप्रतिनिधि तथा कर्मचारीलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

## १०. महिला वालवालिका तथा जेष्ठ नागरिक नीतिः

१. बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

२. महिलामाथि हुने सबै प्रकारका भेदभाव,शोषण,दमन,अन्याय,अत्याचारका बिरुद्ध महिला जागरण तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ।

३. नगरपालिकाभरिका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय स्तरीय वाल क्लव गठन पुःनरगठन तथा वडा तथा नगर स्तरिय वाल क्लब संजालहरुलाई नितिगत ब्यवस्था अनुसार प्रभावकारी रुपमा संचालन गर्नआवश्यक कार्यक्रम संचालन गरिने छ ।

४. जेष्ठ नागरीक सम्मान कार्यक्रम संचालन गरिने छ ।

५. **“सानै छु म बढ्न देऊ,बालबिबाह होईन पढ्न देऊ”**अभियान सञ्चालन गरिने छ।।

६. बुढीनन्दा नगरपालिकाको केन्द्र कोल्टी बजारमा लैङ्गिक विभेदमा आधारित घरेलु हिंसा,महिला हिंसाका घटनाबाट प्रभावित महिला र बाल दुरर्व्यवहर,बालबालिकामाथी हुने हिंसा,बाल श्रम,बाल अधिकार हननका घटनाबाट प्रभावित बालबालिका लाइ संरक्षण र साहायता प्रदान गर्न "**हामी बनाउछौ महिला तथा बालबालिका मैत्री नगर**" भन्ने भनाइ लाई आत्मसात प्राथमिक स्वास्थ्य उपचार, सम्बन्धित निकायमा कानुनी परामर्श सहयोग,मनोसामाजिक मनोविमर्श सेवा, अनौपचारिक तथा व्यवहारिक शिक्षा,आवश्यकता अनुसार अन्य सेवाका लागि समन्वय र पारिवारीक पुर्मिलन गराउने सेवा सहितको **Savf House** स्थापना गरी सेवा तथा परार्मश प्रदन गरिने छ ।

७. बुढीनन्दा नगरपालिकाको ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र सम्र्बद्धन तथा नगरपालिका भरीका समुदायमा पट्यारलाग्दो जिवन बिताइरहेका घर्यसी काम र कलहले दिक्दारी पन बढी समस्यामा परेका जेष्ठनागरीक हरुलाइ मनोरन्जन तथा पारिवारीक वातावरणमा समय विताउने मात्र नभइ ज्यष्ठनागरिकमा रहेका ज्ञान सिप जिवनका सबल भोगाई र अनुभोवलाई अन्तर पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरी नगर स्तरमा सुविधा सम्पन्न जेष्ठनागरिक मिलन केन्द्र संचालन गर्नका लागी पहल गरिने छ ।

८. नगरपालिकाभरिका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय स्तरीय वाल क्लव गठन पुःनरगठन तथा वडा स्तरीय वाल क्लब संजालहरुलाई नितिगत ब्यवस्था अनुसार प्रभावकारी संचालन गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

## १२.विपद व्यवस्थापन सम्बन्धी नीति :

१. प्राकृतिक प्रकोपबाट उत्पन्न हुने मानवीय क्षति न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक योजना बनाई कार्यन्वयन गरिने छ ।

२. विपद प्रतिकार्य योजना निर्माण गर्न र समयानुकूल संशोधन गर्न सहयोगी निकायहरुसंगको सहकार्यलाई सुदृढीकरण, विपद व्यवस्थापनका लागि विद्यालयस्तर,वडा स्तर र नगरपालिकाको

विपद प्रतिकार्य योजना निर्माण र उद्धार कार्यको अभ्यासको कार्यक्रमलाई निरन्तरता संचालन गर्दै जोखिम मुक्त नगरपालिका बनाउने अभियान संचालन गरिने छ ।

३. विपद व्यवस्थापनका लागी नगरपालिकामा आवश्यक बजेट व्यवस्थापन सहितको विपद व्यवस्थापन कोष स्थापना गरिने छ ।

## १३. सूचना तथा सञ्चार नीतिः

१. विद्युतीय शासनको प्रयोगमा जोड दिदै विभिन्न सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धि सीप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति गराइने छ।

२. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल सूचना पाटी, मल्टीमिडीया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरेर सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।

३. रेडियो कार्यक्रम बुढीनन्दा सरोकार लाइ थप संशोधन गरी कार्यक्रमका नयाँ रुपरेखा तयार गरी नियमित संचालनको गर्ने व्यवस्था मिलाइने छ ।

४. बुढीनन्दा नगरपालिकाद्वारा नगरपालिकाले गरेका गतिविधी समेटेर त्रैमासिक बुढीनन्दा सरोकार डिजिटल बुलेटिन प्रकाशन गरी स्थानीय सरकारले गरेका काम तथा गतिविधीका बारेमा नगर बासी नगरिक लाइ सुचना प्रदान गराईने छ ।

५. सामाजिक सुरक्षा लाभग्राहीको दर्ता तथा नविकरणका लागी पालिकाको केन्द्र सहित १० वटै वडा कार्यालयबाट बायोमेट्रीक डिजिटाइजेशन डिभाइस व्यवस्थापन गरि वडा कार्यालयबाट सेवा प्रवाह गरिने छ ।

**सभामा उपस्थित नगर उप-प्रमुख तथा नगरसभाका सदस्यज्यूहरु,**

बुढीनन्दा नगरपालिकाको आर्थिक,सामाजिक,भौतिक र साँस्कृतिक क्षेत्रहरुको समतामूलक विकासका लागि **"सुखी जनताः समृद्ध बुढीनन्दा"** को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक बर्ष ०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।आर्थिक पारदर्शीता र सुशासन कायम गराएको खण्डमा नगरको विकास र समृद्धिको सपना पूरा हुने र नीति कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि सबैक्षेत्रवाट योगदान हुनेछ भन्ने विश्वास लिएको छु ।

बुढीनन्दा नगरपालिकाको समग्र विकासका लागि सुझाव सल्लाह दिनुहुने सम्पूर्ण राजनितिकदलहरु,जनप्रतिनिधिहरु,सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजीक्षेत्र, नागरिक समाज, गैर-सरकारी संघसंस्था,सुरक्षाकर्मी एबम् संचारजगतका सम्पूर्ण सहयोगीलाई र बुढीनन्दा नगरपालिकाका सम्पूर्णआमाबुवा, दाजुभाइ, दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बुढीनन्दा नगरपालिकाका सम्पूर्ण जनताहरुको सुस्वास्थ एवं दिर्घायु सहित समृद्धिको कामना व्यक्त गर्दै बिदा हुन्छु ।

**(धन्यवाद)**